दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड -३ संख्या -३ मितिः २०७६।१२।२८

**भाग - २**

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति | २०७६।१२।२२ |

## दुहुँ गाउँपालिका क्षेत्र भित्र असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराइने राहत सम्वन्धि मापदण्ड -२०७६

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्था वाट प्रभावित यस दुहुँ गाँउपालिका भित्र असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई जीवन यापनको लागि दुहुँ गाँउपालिका बाट राहत उपलव्ध गराउन स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा र नेपाल सरकार, मन्त्रिपरिषद बाट भएको निर्णय कार्यान्वयन गर्न दुहुँ गाँउकार्यपालिकाको मिति २०७६।१२।२२ गते बसेको

दुहुँ गाउँपालिका

वैठकले यो मापदण्ड पारित गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** यस मापदण्डको नाम " दुहुँ गाउँपालिका क्षेत्र भित्र असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराइने राहत सम्वन्धि मापदण्ड २०७६" रहेको छ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

क. "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याल आम्दानी गर्ने दफा ४ बमोजिमका कामदार तथा मजदुर सम्झनु पर्दछ।

ख. "असहाय" भन्नाले लालन पालन गर्ने कुनै व्यक्ति नभएका विपन्न व्यक्ति सम्झनु पर्दछ।

ग. "राहत" भन्नाले नेपाल सरकार वाट निर्णय भए वमोजिम दुहुँ गाँउपालिकाले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको राहत सामग्री सम्झनु पर्दछ।

घ. " स्थानिय तह" भन्नाले दुहुँ गाँउपालिकालाई सम्झनु पर्दछ।

३. **अभिलेख राख्नुपर्ने:**

१. यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्वन्धित वडा कार्यालयले अभिलेख तयार गर्नु पर्नेछ।

क. निर्माणकार्यमा काम गर्ने, भारी बोकेर जीवन यापन गर्ने श्रमिक,

ख. जग्गा जमीन विहीन कृषि मजदुर,

ग. खेति गर्ने जग्गा नभएका परम्परागत पेशा आरन, निङालोकोकाम, छालाको काम गरि जीवन यापन गर्ने श्रमिक,

घ. स्थानिय तहमा दैनिक ज्यालादारीमा काम गर्ने व्यक्ति,

२. यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको छनौट यस मापदण्ड बमोजिम वडा समितिले गरी सम्वन्धित वडा सचिव ले अनुसूची-१ बमोजिम तयार गरी सार्वजनिक गर्नु पर्नेछ।

४. **राहत वितरण गर्नुपर्ने:** दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्वन्धित वडाले अनुसूची-२ बमोजिमको ढाँचामा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ।

५. **राहत सामग्री:**

दुहुँ गाउँपालिका

१. खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामग्री राहत स्वरुप वितरण गरिनेछ।

क. चामल १५ किलोग्राम
ख. दाल १ किलोग्राम
ग. नुन १ पाकेट
घ. खाने तेल १ पाउच
ङ. सावुन १ वटा

२: यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी दफा ५ बमोजिमको र आवश्यकता अनुसार थप दैनिक उपभोग्य वस्तु वितरण गर्न सकिने छ।

३: यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै परिवारको एक भन्दा बढी सदस्यलाई राहत सामग्री वितरण गरिने छैन।

**६. देहायको विधि अवलम्वन गरी दफा ५ बमोजिमको राहत सामग्री वितरण गर्नु पर्नेछ।**

क. राहत वितरणको लागि गाँउपालिकाले सामग्री खरिद गरी वाडको अभिलेख अनुसार वडाहरुलाई सामग्री हस्तान्त्रण गरिनेछ।

ख. सम्वन्धित वडा समितिले सम्भाव्य भिड नहुने गरी वितरणको व्यवस्थापन गरी सामग्री वितरण गर्नु पर्नेछ।

**७. राहत वितरणको अभिलेख र प्रतिवेदन:**

१. सम्वन्धित वडाले अनुसूची २ बमोजिमको राहत वितरणको अभिलेख राखि एक प्रति गाँउपालिकामा पठाउनु पर्नेछ र सो वितरण अभिलेख वडाले सार्वजनिक गर्नु पर्नेछ।

२. गाँउपालिकाले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण बिभाग र सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ।

३. सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ।

**८. कारवाही सम्वन्धी व्यवस्था:**

१. यस मापदण्डमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहरो राहत लिनु हुदैन।

२. यस मापदण्डको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हद सम्मको रकम गाँउपालिकाले असुल उपर गर्नेछ।

**अनुसूची १**

**दफा ३ सँग सम्वन्धित**

**अभिलेखको ढाँचा**

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण:**

१ नाम थर: २ वावुको नाम: ३ वाजेको नाम:

४ स्थायी ठेगाना: ५ हालको ठेगाना:

६ टेलिफोन नम्वर:

७ दैनिक ज्यालादारीमा कार्यरत स्थान: ८ गर्ने गरेको काम को विवरण:

९ पेश गरेको कागजातको विवरण:

क: नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

१० राहत लिने व्यक्तिको स्व:घोषणा:

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन। मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन। माथि पेश गरेको विवरण ठीक साँचो हो। व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला वुझाउँला।

निवेदक:
दस्तखत:
मिति:

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारी:
दस्तखत:
नाम:
पद:
मिति:

स्थानिय तहको नाम:
वडा नं:

रुद्र गाउँपालिका

**अनुसूची २**

**दफा ७ को उपदफा १ सँग सम्वन्धित**

**दुहुँ गाँउपालिका वडा नं ..........**

## राहात वितरणको अभिलेख

| सि.न. | राहात प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना / टेलिफोन न . | बाबुको नाम | बाजेको नाम | राहातको विवरण | राहात बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको दस्तखत:

राहत वितरण गर्नेको नाम:

मोवाइल नम्वर:

दुहुँ गाउँपालिका

**अनुसूची ३**

**दफा ७ को उपदफा २ सँग सम्वन्धित**

**दुहुँ गाँउपालिका**

**प्रतिवेदनको ढाँचा**

| सि.न. | राहात प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलीफोन नम्बनर | बाबुको नाम | बाजेको नाम | राहातको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदन गर्नेको:

नाम:

नाम थर:

मोवाइल नं

दुहुँ गाँउपालिका

आज्ञाले,

महेशबहादुर बम

प्रमुख प्रशासकीय अधिकृत

दुहुँ गाउँपालिका